# तपाईँको रक्त समूह र गर्भावस्था

यस पर्चामा गर्भावस्थामा निम्नअनुसारका कुराहरू पत्ता लगाउन गरिने जाँचहरूबारे वर्णन गरिएको छः

- तपाईँको रक्त समूह पत्ता लगाउन;
- तपाईँको रीसस समूह पत्ता लगाउन; तथा
- एन्टिबडिहरूको पत्ता लगाउन।

तपाईँलाई रगत दिने स्थिति आउनसक्ने हुनाले तपाईँको गर्भावस्थामा तपाईँको हेरचाह गर्ने व्यक्तिलाई तपाईँको रक्त समूह थाहा हुनपर्छ। तपाईँको रीसस समूह पनि थाहा हुन जरुरी छ।

## तपाईँको रीसस समूह के हो?

तपाईँको रक्त समूह सामान्यतया निम्नअनुसार चारवटा मुख्य समूहहरू अन्तर्गत पर्नेछः

- समूह O;
- समूह A;
- समूह B;
- समूह AB.

रीसस समूह भनिने तपाईँको अर्को प्रकारको रक्त समूह पनि हुन्छ। तपाईँ रीसस पोजिटिभ अथवा रीसस नेगेटिभ जुनैपनि हुन सक्नुहुनेछ। जस्तै, तपाईँको रक्त समूहलाई समग्रमा 'समूह O रीसस पोजिटिभ' भनेर पनि लेख्न सकिन्छ।

## रेड सेल एन्टिबडिहरू के हुन्?

एन्टिबडि भनेको शरीरले बाह्य वस्तु ठानेको कुनैपनि वस्तुको विरुद्धमा तपाईँको शरीरको प्राकृतिक प्रतिरक्षा प्रणाली हो। रेड सेलले तपाईँको रगतमा अक्सिजन लाने गर्दछन्। तपाईँको भन्दा फरक रक्त समूहको रगत तपाईँको शरीरको रगतमा प्रवेश गरेमा तपाईँको शरीरमा एन्टिबडिहरू उत्पन्न हुनसक्छ। यो आफ्नो शरीरमा अर्काको रगत लिनाले अथवा गर्भावस्थामा तपाईँको शिशुका कारणद्वारा पनि हुनसक्छ।

Information for Women

© Public Health Wales

रेड सेल एन्टिबडि तपाईँको रगतबाट तपाईँको शिशुको रगतमा पुग्नसक्छ। यसले तपाईँको शिशुको रगतलाई क्षति पुर्याउनसक्छ। कहिलेकाहीँ यसबाट ह्यामोलाईटिक डिजीज अभ द न्युबर्न (HDN) भनिने एउटा विरलै हुने अवस्थाको पनि सृजना हुनसक्छ। HDN को लक्षणहरूमा कमलपित्त र रक्ताल्पता (रातो रक्तकणहरूको कमी) पर्दछन्। यसबाट प्रभावित शिशुहरूलाई सामान्यतया अस्पतालमा भर्ना गरेर फोटोथेरपि (प्रकाशद्वारा उपचार) र कहिलेकाहीँ रगत पनि दिनु पर्नसक्छ।

## के ह्यामोलाईटिक डिजीज अभ द न्युबर्न (HDN) लाई रोक्न सकिन्छ?

यदि तपाईँ रीसस नेगेटिभ र तपाईँको शिशु रीसस पोजिटिभ हो भने, तपाईँको शरीरले यी 'बाह्य' रीसस पोजिटिभ रक्तकोषहरूलाई नष्ट गर्ने एन्टिबडिहरू उत्पन्न गर्नसक्छ। कहिलेकाहीँ गर्भावस्थामा यसो हुनसक्छ, अथवा तपाईँको शिशु जन्मने क्रममा पनि हुने सम्भावना बढी हुन्छ। यदि तपाईँ रीसस पोजिटिभ हो भने, यो समस्या प्राय हुँदैन।

HDN को रोकथाममा मद्दत गर्न, तपाईँ रीसस नेगेटिभ हो भने गर्भावस्थामा र तपाईँको शिशु रीसस पोजिटिभ जन्मेमा प्रसवपछि तपाईँलाई एन्टिएन्टि-डि इम्यूनोग्लोबिनको सुई लगाइनेछ। यसले गर्दा तपाईँको शरीरले रीसस एन्टिबडिहरू बनाउने काम बन्द हुनेछ र भविष्यका गर्भावस्थाहरूमा पनि समस्याको खतरा कम हुन जानेछ।

## एन्टि-डि इम्यूनोग्लोबिन भनेको के हो?

एन्टि-डि इम्यूनोग्लोबिन (सुई) भनेको दाताहरूबाट संकलन गरिएको रगतबाट तयार गरिएको रक्तजन्य उत्पादन हो।

## के एन्टि-डि इम्यूनोग्लोबिन सुरक्षित हुन्छ?

कहिलेकाहीँ एन्टि-डि इम्यूनोग्लोबिनले एलर्जिक प्रतिक्रियाहरू उत्पन्न गराउनसक्छ। यसलाई तयार गर्ने वातावरण पूर्णतया नियन्त्रित हुने भएकोले दाताबाट तपाईँमा भायरस सर्ने जोखिम अत्यन्त न्युन रहन्छ।

Information for Women

© Public Health Wales

## मेरो रक्त समूह तथा एन्टिबडिहरूको जाँच गराउनाले के के फाइदाहरू हुनेछन्?

तपाईँको गर्भावस्थाको शुरुमै तपाईँलाई रगत जाँच गराउने सल्लाह दिइन्छ।

तपाईँले यी जाँचहरू गराउनुभएमा, तपाईँले आफ्नो रक्त समूह साथै आफू रीसस पोजिटिभ वा रीसस नेगेटिभ हो भन्ने कुरा थाहा पाउनुहुनेछ। मानिसहरू रीसस नेगेटिभ कम मात्रामा हुने गर्दछन्। जनसंख्याको लगभग 15% (सयमा 15 जना) मानिसहरू रीसस नेगेटिभ हुन्छन्।

जाँचमा एन्टिबडिहरूको पनि पत्ता लगाउने प्रयास गरिन्छ। तपाईँलाई कुनैपनि बेला रगत चाहिएमा सुरक्षित तवरमा दिन सकियोस भनेर यी कुराहरूबारे जान्नु जरुरी हुन्छ। विरलै रुपमा, तपाईँको रगतमा उपस्थित एन्टिबडिहरूद्वारा उपरोक्त अनुसार तपाईँको शिशुलाई असर गर्ने खतरा पनि हुनसक्नेछ। यदि यसो हुन गएमा तपाईँ र तपाईँको शिशुलाई विशेषज्ञको सेवा दिन सकिन्छ। यी रगत जाँच तपाईँलाई गर्भावस्थाको 28 वौँ सप्ताहमा पून गराउने सल्लाह दिइन्छ।

## मेरो रक्त समूह तथा एन्टिबडिहरूको जाँच गराउनाले के के बेफाइदाहरू हुनेछन्?

स्क्रीनिङ जाँच भनेको साधारण रगत जाँच हो। खतरा भनेको कुनैपनि रगतको जाँच गराउँदा हुने जति मात्र हो।

## जाँच कहाँ गरिन्छ?

तपाईँले जाँच कहाँ गराउन सक्नुहुन्छ भनेर तपाईँको मिडवाइफले तपाईँलाई जनाउनेछिन्।

# नतिजाहरू

## के मेरो नतिजा गोपनीय रहनेछ?

NHS ले सम्पूर्ण जाँचका नतिजाहरूलाई गोपनीय राख्दछ। तपाईँको जाँचको नतिजाहरू कतिजना मानिसहरूले हेर्नसक्छन भन्ने कुरा अस्पतालको नीतिअनुसार फरक पर्नसक्छ। तपाईँको मिडवाइफले तपाईँलाई स्थानीय व्यवस्थाबारे बताउन सक्नेछिन्।

Information for Women

© Public Health Wales

## मेरो जाँचको नतिजा मैले कसरी पाउनेछु?

जाँचको नतिजाहरू कसरी र कहिले पाउनुहुनेछ भनेर तपाईँको मिडवाइफले बताउनेछिन्। आफ्नो रगत निकालिएको तीन सप्ताहभित्रमा तपाईँले रगत जाँचको नतिजा पाउनुपर्नेछ।

## रक्त समूह र रेड सेल एन्टिबडिहरूको लागि निदानात्मक जाँचहरू

रक्त समूह र रेड सेल एन्टिबडिहरूको लागि स्क्रीनिङ जाँचहरू अत्यन्त सटिक हुन्छन्। कहिलेकाहीँ कुनै समस्या आएमा वा शंका लागेमा थप रगत जाँच पनि गराउनु पर्नसक्छ।

## तपाईँलाई आफू रीसस नेगेटिभ भएको थाहा भएमा

यदि निम्न स्थितिहरू आएमा आफू रीसस नेगेटिभ भएको कुरा उनीहरूलाई याद दिलाउनका लागि यथाशीघ्र आफ्नो मिडवाइफ वा चिकित्सकलाई सम्पर्क गर्नुहोस्:

- 12 हप्तापछि तपाईँको योनिबाट रक्तस्राव भएमा;
- 12 हप्तापछि तपाईँको गर्भपतन भएमा; अथवा
- तपाईँको पेटमा चोटपटक लागेमा (जस्तै, कुनै सवारी दुर्घट्नामा सिट बेल्टद्वारा चोट लाग्ने वा कतै लडेर)।

यदि यिमध्ये केहिपनि हुनगएमा, तपाईँको शरीरले एन्टिबडिहरू उत्पन्न गर्नसक्ने हुनाले तपाईँलाई एन्टि-डि सुई चाहिनसक्नेछ।

## मलाई एन्टि-डि सुई किन दिनुपर्छ?

तपाईँले एन्टिबडिहरू उत्पन्न गर्ने खतरालाई कम गराउने उद्देश्यले तपाईँलाई एन्टि-डि सुई दिनुपर्दछ। निम्नमध्ये कुनैपनि परिस्थिति आएमा पनि तपाईँलाई एन्टि-डि सुई दिनुपर्नेछ:

- तपाईँले अमाइनोसिन्टसिस परीक्षण गराउनुभएको छ।
- तपाईँले कोरियनिक भिलस स्याम्प्लिङ परीक्षण गराउनुभएको छ।
- तपाईँको शिशुको जन्म भएपछि (प्राय शिशु रीसस पोजिटिभ भएमा मात्र)।
- तपाईँको गर्भावस्था एक्टोपिक छ।
- तपाईँले आफ्नो गर्भ नराख्ने भएमा।

Information for Women

© Public Health Wales

आफू रीसस नेगेटिभ भएको कुरा आफ्नो हेरचाह गर्ने कुनैपनि स्वास्थ्य सेवा व्यावसायिलाई भन्न नभुल्नुहोला।

उनीहरूले तपाईँको गर्भावस्था अवधिभरिनै तपाईँको एन्टिबडि स्तरको जाँच गरिराख्नेछन्। तपाईं गर्भवती भएको बेला समस्याहरूलाई रोक्ने उद्देश्यले तपाईँलाई एन्टि-डि सुई पनि दिन सकिनेछ।

## बढी जानकारी

तपाईँले रीसस नेगेटिभ हुनेबारे बढी जानकारीहरू तपाईँको मिडवाइफ वा अस्पतालको चिकित्सक (तपाईँको प्रसूति विशेषज्ञ) बाट पाउन सक्नुहुनेछ।

गर्भावस्थामा रक्त समूह तथा रेड सेल एन्टिबडि पर्चा प्राप्त हुनेः
http://hospital.blood.co.uk/library/patient_information_leaflets/leaflets/index.asp
(22/09/09 मा हेरिएको)

© प्रतिलिपिअधिकार 2010 पब्लिक हेल्थ वेल्स NHS ट्रस्ट। सर्वाधिकार सुरक्षित। प्रतिलिपिअधिकारको स्वामीको स्वीकृतिबिना पूर्ण रुपमा वा आंशिक रुपमा पनि यसको प्रतिलिपि बनाउन सकिनेछैन।
www.antenatalscreening.org
अप्रेल 2010
BG 9 वौँ संस्करण

Information for Women
© Public Health Wales